# गोलबजार नगरपालिका

## तेह्रौँ नगरसभा

## नगर उपप्रमुख मान्ती साहद्वारा प्रस्तुत बजेट वक्तव्य

## (आ.व. २०८२/०८३)

२०८२ असार १० गते

गोलबजार नगरपालिका, सिरहा

मधेश प्रदेश, नेपाल

**गोलबजार नगरपालिकाको नगर सभाका आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि र नगर सभा सदस्यज्यूहरु ।**

१. गोलबजार नगरपालिका नगरसभा तेह्रौँ अधिवेशनमा आ. व. २०८२/०८३ को वार्षिक विनियोजन विधेयक र आर्थिक विधेयक प्रस्तुत गर्न उपस्थित भएको छु । यस विधेयकले नगरपालिकाको आर्थिक क्रियाकलापहरुलाई गतिशील तुल्याउन मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

२. नेपालको संविधानले निर्दिष्ट गरेको राज्यका निर्देशक सिद्धान्त, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगर कार्यपालिकाका विषयगत समिति, संघ / संस्था, नागरिक समाज, बुद्धिजीवी र नगरवासी दाजुभाइ तथा दिदी-बहिनीहरुबाट प्राप्त सुझाव र नगर सभा अध्यक्षको भूमिका निर्वाह गरिरहनु भएका नगर प्रमुख श्री श्याम कुमार श्रेष्ठज्यूले आजको नगरसभामा यसअघि प्रस्तुत गर्नु भएको वार्षिक नीतिलाई बजेट तथा कार्यक्रमको मार्गदर्शनको रुपमा लिएको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म गत आर्थिक वर्षको यथार्थ अवस्था र चालु आर्थिक वर्षको वर्तमान अवस्था र अगामी आर्थिक वर्षको अनुमानित आर्थिक स्थितिको संक्षिप्त चर्चा गर्न चाहन्छु ।

**आर्थिक तथा सामाजिक स्थिति**

१. नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा कूल विनियोजन ८६ करोड ४२ लाख ४२ हजार ५ रुपैयाँ रहेकोमा यथार्थ खर्च ८५.१५ प्रतिशत रहेको थियो । चालू आर्थिक वर्ष २०८१/०८२ मा कूल विनियोजन ९६ करोड १५ लाख ४६ हजार मध्ये चालु तर्फ रु ५७ करोड १५ लाख ६ हजार विनियोजन भएकोमा ११ महिनाको अवधिमा ३५ करोड ५८ लाख ७२ हजार खर्च भएको छ । यो कुल बिनियोजन रकमको ६३ प्रतिशत रहेको छ । २०८२ साल असार मसान्तसम्म यस्तो ७५ प्रतिशत खर्च हुने अनुमान रहेको छ । आन्तरीक स्रोतको अभावले बाँकी योजना सञ्चालन गर्न सकिएन । त्यस्तै पूँजीगत तर्फ रु ३८ करोड ९८ लाख २० हजार रुपैयाँ विनियोजन भएकोमा २०८२ साल जेष्ठ मसान्तसम्म रु २५ करोड १७ लाख रुपैयाँ खर्च भएको छ । यो कुल बिनियोजन रकमको झण्डै ६५ प्रतिशत रहेको छ ।

२. राजस्व परिचालन तर्फ आर्थिक वर्ष २०८०/०८१ मा कूल अनुमान रु. १८ करोड ३२ लाख ६३ हजार अनुमान रहेकोमा यथार्थमा ७ करोड ६७ लाख ३९ हजार ४ सय १३ रुपैयाँ संकलन भएको थियो भने चालू आर्थिक वर्ष २०८१/०८२ मा वार्षिक लक्ष्य २७ करोड ३८ लाख ५९ हजार रहेकोमा २०८२ साल जेष्ठमसान्तसम्मको नगरपालिकाको आन्तरिक राजस्व रु ३ करोड ८० लाख ३० हजार २ सय २९ रुपैयाँ राजस्व संकलन भएको र बाँकी गत वर्षको अल्याबाट रु. १२ करोड ११ लाख ७० हजार आम्दनी रहेको छ भने बाँकी अवधिमा थप रु. १ करोड ७५ लाख राजस्व उठ्ने अनुमान गरिएको छ ।

३. २०८२ साल जेष्ठ मसान्तसम्म नगरपालिकाको कूल प्राप्ति रु ७६ करोड ७८ लाख ३ हजार रुपैयाँ रहेको छ भने २०८२ असार मसान्तसम्ममा केही रकम आउने आशा गरिएको छ ।

४. चालू आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयनबाट नगरपालिकाको समग्र भौतिक प्रगतिको स्थिति नगरप्रमुखज्यूबाट प्रस्तुत वार्षिक नीति तथा कार्यक्रममा प्रस्तुत भइसकेको व्यहोरा स्मरण गराउन चाहन्छु । सीमित स्रोतसाधन, सीमित कर्मचारी, कार्यालय भवन तथा भौतिक सुविधाको अभाव, हिउँदको शित लहर, गर्मी याम र अविरल वर्षाका कारण कृषि उत्पादनमा भएको ह्रास आदिले नगरपालिकाको सेवा प्रवाह र उपलब्धिमा केही कठिनाइहरु महशुस भयो । यसका साथै नगरपालिकाको विगतका दिनमा गरिएको कार्यका बारेमा न्यायिक र अर्धन्यायिक निकायहरुमा निरन्तर रुपमा परेका उजुरी र मुद्दाहरुको सामना गर्नु परिरहेको छ । त्यस्ता चुनौतीलाई सामना गरि नगरपालिकाले प्राप्त गरेको उपलब्धिलाई कम आकलन गर्न मिल्दैन ।

५. आर्थिक वर्ष २०८२/०८३ को अवधिमा जनप्रतिनिधिले प्रदर्शन गर्नुभएको उच्चतम नेतृत्व क्षमता, विकासात्मक गतिविधिमा अविच्छिन्न क्रियाशीलता तथा प्रशासनिक नेतृत्वबाट स्रोत परिचालनमा वित्तीय जोखिम न्यूनीकरण गर्दै प्रशासनिक र विकास सम्बन्धी कार्यहरुलाई सुझबुझका साथ कार्यान्वयन गर्न सकिएमा थप राजस्व परिचालन गर्न सम्भव हुने देखिन्छ । यसको परिणामस्वरुप नगरपालिकाको समग्र भौतिक तथा वित्तीय प्रगतिको स्थिति उत्साहजनक हुनेछ भन्ने विश्वास गर्दछु ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट उद्देशयहरु प्रस्तुत गर्न चाहन्छु ।।

## बजेटका उद्देश्यहरु

१. वातावरणमैत्री विकास, प्रविधिमैत्री योजनाहरू, उत्पादनमुखी कृषि प्रणाली, लघु तथा घरेलु उद्यमहरूको प्रवर्द्धन, र स्थानीय सीपमा आधारित रोजगारी सिर्जना गरी दीर्घकालीन समृद्धिको मार्ग तयार गरिनेछ।

२. शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार र उद्यमशीलता क्षेत्रमा समावेशी पहुँच स्थापना गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा सीमान्तकृत समुदायको सशक्तीकरणमा जोड दिइनेछ।

३. सूचना प्रविधिमा आधारित एकद्वार सेवा केन्द्र, अनलाइन सेवाको पहुँच विस्तार र जनमैत्री प्रशासन विकास गरिनेछ, जसबाट सेवामा पारदर्शिता, सहजता र प्रभावकारिता कायम हुनेछ।

४. स्वरोजगार, सीप विकास तालिम, स्टार्टअप प्रवर्द्धन, सहकारी विस्तार तथा लगानीमैत्री वातावरण निर्माण गरी स्थानीय अर्थतन्त्रलाई गतिशील बनाइनेछ।

५. सहभागी योजना निर्माण, सामाजिक लेखा परीक्षण, बजेट सार्वजनिकता तथा खर्चको प्रभावकारी व्यवस्थापनद्वारा समावेशी र सन्तुलित स्थानीय शासन सुनिश्चित गरिनेछ।

## बजेटका प्राथमिकताहरु

- कृषि क्षेत्रको आधुनिकीकरण, पूर्वाधार सुदृढीकरण र पूँजी विस्तारद्वारा उत्पादनमुखी अर्थतन्त्र निर्माण गरिनेछ ।
- सर्वसुलभ, गुणस्तरीय र समावेशी शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ।समावेशी पूर्वाधार विकासमार्फत दिगो शहरीकरण र जीवनस्तर सुधार गरिनेछ।
- सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणका लागि सबै प्रकारका विभेद, असमानता र बहिष्करण अन्त्य गरिनेछ।

- जनउत्तरदायी, पारदर्शी, सक्षम र प्रविधिमैत्री शासकीय व्यवस्था स्थापना गरिनेछ।

नगर सभा सदस्यज्यूहरु, अब म २०८२।०८३ को आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्दछु ।

आ.व. ०८२।०८३ को लागि चालुतर्फको खर्च रु. १९ करोड ८४ लाख ८७ हजार र पुँजीगत तर्फको खर्च २८ करोड ४० लाख २ हजार र वित्तिय हस्तान्तरणतर्फको खर्च रु. ३३ करोड ६५ लाख गरी कुल अनुमानित बजेट रु. ८१ करोड ८९ लाख ८९ हजार बजेट विनियोजन गरेको छु । जसको विस्तृत विवरण विनियोजन ऐनको अनुसूचीमा उल्लेख गरेको छु । उक्त कार्यक्रमहरुलाई आवश्यक पर्ने स्रोत जुटाउन अनुमानित व्ययका लागि संघिय वित्तिय समानीकरण अनुदान रु. १४ करोड ४७ लाख, संघिय सर्शत अनुदान रु. ३० करोड ५८ लाख, संघिय राजस्व बाँडफाँट रु. १२ करोड ८७ लाख, विशेष अनुदान संघिय सरकार रु. ६३ लाख, संघिय सरकार समपुरक अनुदान रु. ६५ लाख, प्रदेश वित्तिय समानीकरण अनुदान रु. १ करोड २ हजार, प्रदेश सर्शत अनुदान रु. १ करोड, प्रदेश विशेष अनुदान रु. ५० लाख, प्रदेश समपूरक अनुदान रु. ३० लाख, आन्तरिक आय रु. १८ करोड ९० लाख ८७ हजार र गत वर्षको अल्या रु. १ करोड स्रोत अनुमान गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

१. आर्थिक वर्ष २०८२/०८३ को एकिकृत आम्दानी खर्चको अनुमान यथार्थ खर्च र अनुमान बजेटको अभिन्न अंगको रुपमा रहेको आय व्ययको विवरण, राजस्व तथा अनुदान प्राप्तिको विवरण, वित्तीय व्यवस्था अनुमान, कार्यक्षेत्रगत व्यय अनुमान, वार्षिक विकास कार्यक्रम र सशर्त अनुदानको कार्यक्रमलाई अनुसूचीमा समावेश गरेको छु ।

२. गत वर्षको राजस्व आयको अवस्थालाई दृष्टिगत गरी अगामी आ.व. २०८२/०८३ मा गर्ने निर्णय यस अधिवेशनबाट समर्थन एवं अनुमोदन हुन प्रस्ताव गरेको छु ।

३. गोलबजार नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित स्थानीय कर, दस्तुर, शुल्क सङ्कलन तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा २२८को उपधारा (२) बमोजिम यस नगर सभा समक्ष आर्थिक विधेयक, २०८२ को मस्यौदा र सोको अनुसूची स्वीकृतिको लागि यसैसाथ पेश गरेको छु ।

४. गोलबजार नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा तथा कार्यहरुका लागि सञ्चित कोषबाट रकम विनियोजन गरी खर्च गर्ने व्यवस्थाका लागि यस नगर सभा समक्ष विनियोजन ऐन, २०८२ को मस्यौदा र सोको अनुसूची स्वीकृतिको लागि पेश गरेको छु ।

५. नगरवासीको समृद्धि र समावेशी विकासप्रतिको दूरदृष्टि तथा चाहनालाई आत्मसात् गर्दै, उपलब्ध स्रोतको अधिकतम उपयोग र भविष्यमा आवश्यक स्रोत व्यवस्थापन सुनिश्चित हुने गरी रू. ११ करोड ८९ लाख ४७ हजार बराबरको घाटा बजेट विनियोजन गरिएको छ । उक्त योजना आवश्यक स्रोत व्यवस्थापन भएपछि कार्यान्वयनमा ल्याइने प्रतिबद्धता प्रकट गर्दछु ।

**आदरणीय सभाध्यक्षज्यू,**

६. आज यो आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम यस गरिमामय नगर सभामा प्रस्तुत गरिरहँदा नगरबासी दाजुभाइ दिदीबहिनीको जनजीवन र विकास निर्माणका कामहरु पहिले जस्तै सामान्य रुपबाट अगाडि बढ्ने आशा राखेको छु । अवस्था सोचे अनुरुप नभएमा नगरबासीको जीवन रक्षाको लागि आर्थिक वर्ष २०८२/०८३ को

वार्षिक बजेट तथा कार्यक्रमलाई हिउँदे नगरसभाबाट पारित गरि पुनःप्राथमिकीकरण गरी त्यस किसिमको प्रकोप तथा विपद व्यवस्थापनमा खर्च गरिनेछ। आर्थिक गतिविधि बढ्न गई नगरपालिकाको श्रोत परिचालन बढ्न गएमा स्थानीय माग एवं आवश्यकता र प्राथमिकताको आधारमा हिउँदे नगरसभाबाट स्वीकृत गरी कार्यान्वयनमा लैजान प्रस्ताव पेश गरेको छु।

७. प्रस्तावित बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकासको माध्यमबाट **"विकासका लागि एकता"** को सपना साकार पार्न योगदान पुग्ने विश्वास लिएको छु। यहाँ प्रस्तुत बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारिताको लागि सबैको साथ र सहयोग जरुरी भएकोले जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार माध्यम र आम नगरबासीको ऐक्यवद्धताको अपेक्षा गरेको छु। बजेटको विस्तृत विवरण विनियोजन ऐन र आर्थिक ऐनको अनुसूचीहरुमा उल्लेख गरेको छु।

**अन्त्यमा**

८. गोलबजार नगरपालिकाको यस सार्वभौम नगरसभामा पेश भएको आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित बजेट तथा कार्यक्रमले हालसम्म प्राप्त उपलब्धिलाई संरक्षण र संस्थागत गर्दै थप उन्नत बनाउने, उत्पादन र रोजगारीलाई प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने र अन्तत्वगत्वा समृद्ध र समतामूलक समाज निर्माण गर्न योगदान दिने अपेक्षा गरेको छु। बजेट तथा कार्यक्रम निर्माणको सिलसिलामा आफ्नो अमूल्य राय सुझाव उपलब्ध गराई सहयोग पुर्याउनु हुने नगरबासी दाजुभाइ दिदीबहिनी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार माध्यम, कर्मचारी लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु। साथै गोलबजार नगरपालिकाको समग्र विकासमा सदैव क्रियाशील रहनु हुने प्रतिनिधि सभा सदस्यज्यूहरु र प्रदेश मन्त्रालयका मन्त्रीज्यू तथा सभासद्ज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। धन्यवाद।

२०८२/०३/१०

मान्ती साह
नगर उपप्रमुख
गोलबजार नगरपालिका,सिरहा
मधेस प्रदेश।